कालिञ्चोक गाउँपालिकाको गाउँ सभाको मिति २०८० असार ९ गते शनिबारको बैठकमा गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कुल बहादुर बुढाथोकीले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

कालिञ्चोक गाउँपालिका

सुनखानी, दोलखा

२०८०

www.kalinchowkmun.gov.np

**कालिञ्चोक गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री कुल बहादुर बुढाथोकीले एघारौं गाउँसभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य**

आदरणीय अध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु,

यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि बिभिन्न समयमा भएका सशस्त्र संघर्ष, जनआन्दोलन, मधेश आन्दोलन लगायतका राजनीतिक क्रान्तिका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहीदहरू प्रति श्रद्धा सुमन व्यक्त गर्दछु । साथै घाइते योद्धा र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान सहित उहाँहरुको परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका सन्दर्भमा नेतृत्व प्रदान गर्ने अग्रज राजनीतिकर्मी प्रति समेत उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सुशासन, विकास र समृद्धि हासिल गर्न उपलब्ध स्रोत साधनलाई अधिकतम ढंगले परिचालन गरी कालिञ्चोक वासी नागरिकको हित अभिवृद्धि गर्दै सामाजिक न्याय सहितको समाजवाद उन्मुख समृद्ध एवम् आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा सघाउ पु-याउने गरी बजेट तर्जुमा गरेको छु ।

आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, प्रदेशको आवधिक योजना, नेपाल सरकारले तर्जुमा गरेको आर्थिक वर्ष २०८०/८१ को बजेट, कालिञ्चोक गाउँपालिकाले सम्मानित सभामा पेश गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता, न्यूनतम साझा कार्यक्रम, राजनीतिक दलको घोषणापत्र अनुसार गरेको छु ।

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य प्रस्तुत गर्न अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- दिगो र उच्च आर्थिक वृद्धि सहितको आन्तरिक उत्पादनमा आधारित गाउँपालिकाको अर्थतन्त्रको विकास गर्ने ।
- पालिकामा उपलब्ध स्रोतसाधन तथा अवसर र क्षमताको उच्चतम परिचालन मार्फत रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गरी उत्पादन वृद्धि गर्ने ।
- आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकास गरी स्वाधीन, समुन्नत र समाजवाद उन्मुख अर्थतन्त्रको विकास तर्फ अघि बढ्ने ।
- आर्थिक र सामाजिक रुपले विपन्न वर्गका लागि सामाजिक संरक्षण मार्फत सामाजिक न्याय कायम गर्ने ।
- पालिकाबाट प्रवाह हुने सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाई सुशासन कायम गर्ने ।

अब म बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- दिगो पुर्वाधारको निर्माण ।
- आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रीकरण मार्फत कृषिमा रुपान्तरण ।
- सीपयुक्त जनशक्ति र उद्यमशिलता विकास तथा रोजगारी र स्वरोजगारीका अवसरको सिर्जना ।
- छिटो प्रतिफल दिने तथा क्रमागत भौतिक पूर्वाधार आयोजनाको निर्माण ।
- शिक्षा, स्वास्थ्य र खानेपानी सेवाको सर्वसुलभ पहुँच अभिवृद्धि र सेवाको गुणस्तर सुनिश्चितता। पर्यटकीय क्षेत्रको विकास, पर्यावरण संरक्षण, विपद् व्यवस्थापन र वन क्षेत्रको उचित व्यवस्थापन र उपयोग ।

- विपन्न, सीमान्तकृत र विभेदमा परेका वर्गका लागि सामाजिक संरक्षण।
- संघीय र बागमती प्रदेश सरकार सँग समन्वय, सहकार्य र साझेदारी।
- गुणस्तरीय र सुशासनयुक्त सेवा प्रवाह।

अब म यस गाउँपालिकाको उपलब्ध श्रोतलाई निम्न आधारमा सन्तुलित एवं समन्यायीक सिद्धान्तको आधारमा योजना बजेट तथा कार्यक्रम तर्जुमाको लागि अवलम्बन गरिएका विधि पद्धति तथा आधारहरुको चर्चा गर्न चाहन्छु।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- संघिय तथा बागमती सरकार तथा गाउँपालिकाको लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम
- दिगो विकासका लक्ष्य
- पन्ध्रौ आवधिक योजना।
- गाउँपालिकाको आवधिक योजना
- राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका निर्णयहरु
- वडाको जनसंख्या तथा भौगोलिक अवस्था र बनोट
- वडा तथा विशेष क्षेत्रको आर्थिक विकास र गरिवीको अवस्था
- जनताको जीवनस्तर आम्दानी र रोजगारी बढ्ने कार्यक्रम
- स्थानीय श्रोत साधन र सहभागीतामा संचालन हुने
- महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, भाषा, जातिलाई लाभ पुग्ने
- स्थानीय समस्या र आवश्यकताका आयोजना तथा कार्यक्रमहरु

विकासका समसामयिक मुहानहरु जस्तै जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैंगिक सशक्तिकरण, समावेशी विकास बाल मैत्री स्थानीय शासन, पूर्ण सरसफाई तथा वातावरण मैत्री स्थानीय शासनहरुलाई लिइएको छ।

**चालु आ.व. २०७९/८० को हाल सम्मको उपलब्धि**

यस गाउँपालिकाको नवौ गाउँ सभा २०७९/८० का लागि रु. ७४ करोड १७ लाख ५८ हजार ५ सय ४३ वार्षिक बजेट स्वीकृत गरिएकोमा चालु तर्फ ४४ करोड ०६ लाख ३१ हजार ५ सय ४३ र पुँजिगत तर्फ ३० करोड ११ लाख २७ हजार विनियोजन गरिएको थियो। जसमध्ये हालसम्म कूल खर्च वेहोर्ने स्रोतहरु मध्ये २०८० असार ८ गते सम्म निम्न अनुसारको आम्दानी प्राप्त भएको छ।

- संघिय समानिकरण अनुदान - १२ करोड ७१ लाख ३७ हजार ५ सय
- प्रदेश समानिकरण अनुदान - १ करोड ४३ लाख ६७ हजार
- संघिय शसर्त अनुदान - २८ करोड ५४ लाख ८० हजार ६ सय ६७
- प्रदेश शसर्त अनुदान- २ करोड ९६ लाख २ हजार
- संघिय राजश्व बाँडफाँड - ५ करोड ६९ लाख ३५ हजार ६ सय २
- प्रदेश सवारी कर - १ करोड ७६ लाख ९३ हजार ६ सय ६
- गाउँपालिका आम्दानी - २८ लाख २८ हजार

- गत आ.व. बाट जिम्मेवारी सरी आएको - ५ करोड ६९ लाख ३५ हजार ६ सय २
- बागमती प्रदेश विशेष अनुदान - १ करोड ३० लाख ८४ हजार ९४
- बागमती प्रदेश समपुरक अनुदान - १ करोड ७० लाख ९६ हजार ७ सय ४०
- बागमती प्रदेश समानीकरण अनुदान- १ करोड ४३ लाख ६७ हजार
- संघिय सरकार विशेष अनुदान- ३३ लाख ३३ हजार ३ सय ३३

अध्यक्षज्यू,

अब म आगामी आ.व. २०८०/८१ को वजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

आ.व. २०८०/८१ मा केन्द्र तथा प्रदेश सरकार एंव गाउँपालिकाको आन्तरिक श्रोतबाट कूल ६९ करोड ४६ लाख ५९ हजार ७ सय ३८ रुपैया मात्र हुने अनुमान गरेको छु। देहाय बमोजिम रहेको छ।

- संघीय सरकार समानिकरण अनुदान - १२ करोड ५७ लाख
- प्रदेश सरकार समानिकरण अनुदान - १ करोड ३२ लाख ८ हजार
- संघिय सरकार शसर्त अनुदान - २९ करोड ५५ लाख
- प्रदेश सरकार शसर्त अनुदान – १ करोड ९८ लाख ३० हजार
- संघिय राजश्व बाँडफाँड - ८ करोड ९२ लाख ६४ हजार ४ सय
- प्रदेश सवारी कर - १ करोड ९९ लाख ९८ हजार ३ सय ११
- गाउँपालिकाको आन्तरिक आम्दानी - ५ करोड ११ लाख ५९ हजार २७
- प्रदेश समपुरक अनुदान - २ करोड
- संघ संस्था मार्फत कार्यक्रम – ५ करोड

आगामी वर्षको लागि प्राप्त हुने विभिन्न क्षेत्रको अनुमानित आय र व्ययलाई अनुसुचिमा समावेश गरेको छु। जसको सारांशको रुपमा देहाय अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु।

- चालुतर्फ रु १० करोड १३ लाख ८५ हजार ७ सय ३८ विनियोजित गरेको छु।
- पूर्वाधार विकास तर्फ कूल वजेटको ६० प्रतिशत आर्थिक विकास तर्फ १५ प्रतिशत सामजिक विकास तर्फ २० प्रतिशत, वातावरण तथा विपद व्यवस्थापन तर्फ ३ प्रतिशत र संस्थागत विकासतर्फ २ प्रतिशत वजेट विनियोजित गरेको छु।
- गाउँपालिकाका प्रत्येक वडाका मुख्य सडकहरुलाई प्रति सडक १ करोडका दरले रु ९ करोड विनियोजन गरेको छु।
- यस गाउँपालिकामा शिक्षा तर्फ कुल जम्मा रु २ करोड १७ लाख ५४ हजार विनियोजन गरेको छु।
- स्थानीय र थामी भाषाको पाठ्यपुस्तक छपाइको लागि ४ लाख विनियोजन गरेको छु।
- चालु आ.व. मा संचालनमा रहेको स्नातक तह प्राविधिक छात्रवृत्तिको लागि रु ५ लाख विनियोजन गरेको छु।
- लापिलाङ मा.वि. मा वाली विज्ञानमा अध्ययनरत विद्यार्थीको छात्रवृत्तिको लागि रु २ लाख विनियोजन गरेको छु।

- गाउँपालिका भित्रका सामुदायिक विद्यालय, स्वास्थ्य चौकी तथा वडा कार्यालयहरुमा सीसीटीभि क्यामेरा र डिजिटल हाजिरी जडान गरी गाउँपालिकाबाट अनुगमन गर्ने व्यवस्थाको लागि १५ लाख विनियोजन गरेको छु।
- गाउँपालिका भरिका ७० वर्ष माथिका क वर्गका अपाङ्गको निशुल्क स्वास्थ्य विमा गर्न आवश्यक व्यवस्था मिलाएको छु।
- शिक्षक तथा कर्मचारीको क्षमता विकासको लागि रु ७ लाख विनियोजन गरेको छु।
- सिंगटी अस्पतालबाट निशुल्क रुपमा दिदै आएको प्रयोगशाला तथा अन्तर पालिका परीक्षणको लागि रु १५ लाख विनियोजन गरेको छु।
- संघीय शसर्त अनुदानबाट दिइएको वजेट अपुग भएकोले गाउँपालिका भित्रका बाल कक्षा शिक्षकको लागि खाईपाई आएको तलबमा मासिक रुपमा ५ हजार वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता गरी विनियोजन गरेको छु।
- गाउँपालिकाभित्र अस्थायी/करार कार्यालय सहायक र कार्यालय सहयोगी, विद्यालयका सहयोगी र विद्यालय सहायकलाई खाईपाई आएको तलब स्केलमा थप गरी मासिक रु १५ हजार पुर्याएको कार्यक्रमलाई निरन्तरता गरेको छु।
- पशुमा लाग्ने रोगको पहिचान तथा उपचारको लागि निशुल्क औषधि वितरण गर्न रु ९ लाख विनियोजन गरेको छु।
- विपन्न नागरिक औषधोपचार सहायताको लागि रकम रु १० लाख विनियोजन गरेको छु।
- विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिका र प्रधानाध्यापक वीच, प्रधानाध्यापक र शिक्षक वीच आवधिक कार्य सम्पादन करार गर्ने आवश्यक प्रबन्ध गरेको छु।
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुवीच कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाएको छु।
- विभिन्न संघ संस्थाको समन्वय र सहकार्यमा विपद व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।
- गाउँपालिकाभित्रका युवाहरुमा खेलकूदको माध्यमवाट अनुशासन, गतिशिलता, शारीरिक र मानसिक विकास गर्न अन्तर पालिका, अन्तर वडा र खेलकूद सहभागिता र प्रतियोगिताको लागि रु २० लाख बजेट व्यवस्था गरेको छु।
- युवा स्वरोजगार तथा नवप्रवर्तन कार्यक्रमको लागि युवा स्वरोजगार कोष सँगको साझेदारीमा युवा आयआर्जन कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- महिलाको आयआर्जन, नेतृत्व विकास, क्षमता विकास र शसक्तीकरणको लागि रु ९ लाख ५० हजार विनियोजन गरेको छु।
- दलित उत्थान, क्षमता विकास, आयआर्जन तथा संस्कृति संरक्षणको लागि रु ५ लाख विनियोजन गरेको छु।
- अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई आदिको लागि निशुल्क औषधी वितरण गर्न संघीय सरकारबाट बजेट अपर्याप्त भएकोले थप रु १५ लाख विनियोजन गरेको छु।
- गाउँपालिकाका पुल हेरालुलाई वार्षिक पारिश्रामिक स्वरुप रु १ लाख ५० हजार विनियोजन गरेको छु।
- गाउँपालिका भित्रका कक्षा नर्सरी, एलकेजी, र युकेजी सम्मका लागि अंग्रेजी पाठ्यपुस्तक निशुल्क वितरणको लागि रु १५ लाख विनियोजन गरेको छु।
- घुम्ती माटो परिक्षण, किटनाशक औषधि खरीदको लागि बजेट विनियोजन गरेको छु।

- गाउँपालिका भित्र कृषि र पशु उत्पादन को आधारमा अनुदान वितरणको लागि रु २० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका भित्र कृषि एम्बुलेन्स संचालन गरी कृषकका उत्पादनलाई बजार सम्म पुर्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाका विभिन्न ठाउँमा स्वास्थ्य शिविर संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- न्यायिक समिति मेलमिलापकर्ताको लागि क्षमता विकास तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सहकारीको कर्मचारी, संचालक समितिका सदस्यहरुको क्षमता विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- मेलमिलाप कर्तालाई मेलमिलाप गराए वापत मेलमिलाप संस्थाको आधारमा पारिश्रमिक दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।
- विपद व्यवस्थापनका लागि ग्याबिन जाली खरिदको लागि रु ३० लाख बजेट विनियोजन गरेको छु ।

अन्त्यमा, गाउँ सभामा उपस्थित हुनुहुने गाउँसभाका सदस्यहरु, कर्मचारी, लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

कुल बहादुर बुढाथोकी
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
कालिञ्चोक गाउँपालिका दोलखा